विद्युत आपूर्ति बन्द हुने सम्बन्धि सूचना

नेपाल विद्युत प्राधिकरण, केरौन १३२/३३ के.भी.सवस्टेशन आयोजनाद्वारा मिति २०८३/०७ /१४ शनिवार तथा २०८३/०७ /१५ आइतबारका दिन केरौन सवस्टेशनको उपकरणहरु परिक्षण तथा सवस्टेशन संचालन गर्न दुहबी ग्रिड महाशाखा अन्तर्गत दुहबी-दमक १३२ के.भी.प्रशारण लाइनको केरौन स्थित टावर नं. ६८ तथा ६९ को बिचमा डेड इन्ड टावर देखि टेक अफ गैन्ट्री सम्म Loop-In Loop-Out (LILO) गर्नु पर्ने भएकोले कोशी प्रादेशिक कार्यालय, अन्तर्गतका मोरङ, झापा, ईलाम, पाँचथर तथा तापलेजुङ जिल्लाहरुमा तपसिल बमोजिमको मिति, समय तथा क्षेत्रहरुमा पूर्ण वा आंशिक रुपमा विद्युत आपूर्ति बन्द हुने व्यहोरा सम्बन्धि सबैमा जानकारीको लागि अनुरोध छ।

विद्युत आपूर्ति बन्द हुने समय तथा स्थानहरु:

क्र.स.	मिति	अवरुद्ध हुने प्रशारण लाइन	विद्युत आपूर्ति बन्द हुने स्थानहरु	समय
१	**२०८३/०७/१४ शनिवार**	दुहबी-दमक १३२ के.भी.प्रसारण लाइन	झापा, ईलाम ,पाँचथर, ताप्लेजुङ जिल्लाहरुको सम्पूर्ण भागहरु तथा मोरंग जिल्लाको उर्लाबारी, पथरी आसपासका क्षेत्रहरु	**बिहान ४:०० बजे देखि १२:०० बजे सम्म**
२	**२०८३/०७/१५ आईतवार**	दुहबी-दमक १३२ के.भी. प्रसारण लाइन	झापा, ईलाम ,पाँचथर, ताप्लेजुङ जिल्लाहरुको सम्पूर्ण भागहरु तथा मोरंग जिल्लाको उर्लाबारी, पथरी आसपासका क्षेत्रहरु	**बिहान ४:०० बजे देखि १२:०० बजे सम्म**

अर्नब चक्रबातको प्रभाबको कारण मिति २०८३/०७/१४ गते शनिवारको दिन काम शुरु हुन नसकेको वा आंशिक रुपमा मात्र काम गर्न सक्ने अवस्था सृजना भएको खण्डमा मिति २०८३/०७/१५ गते आईतवार बिहान ४:०० बजे देखि १६:०० बजे सम्म तथा मिति २०८३/०७/१६ गते सोमवार बिहान ४:०० बजे देखि १०:०० बजे सम्म समेत विद्युत आपूर्ति बन्द हुने हुन् सक्नेछ। थप जानकारीका लागि ने.वि.प्रा.को वेवसाइट www.nea.org.np मा हेर्न या ने.वि.प्रा.को हट लाइन नम्बर ११५० को एक्सटेन्शन न.१ मा डायल गरि बुझ्न सकिनेछ। कार्य सम्पन्न भएमा समय अगावै समेत विद्युत सेवा सुचारु हुनसक्नेछ।

विद्युत आपूर्ति बन्द भई ग्राहक बर्गमा पर्न जाने असुविधा प्रति ने.वि.प्रा. क्षमाप्रार्थि छ।

केरौन १३२/३३ के.भी.सवस्टेशन आयोजना

नेपाल विद्युत प्राधिकरण, केरौन, मोरंग

फोन न: ९८५२०७३२७३/९८४५०२०२७७

नेपाल विद्युत प्राधिकरण NEPAL ELECTRICITY AUTHORITY Estd.1985 केरौन १३२/३३ के.भी.स.स. आयोजना